प्रेस विज्ञप्ति

निजी आवास पुर्ननिर्माण लागि अनुदान सम्झौता ।

(२०७३ अषाढ ७ गते सम्मका लागि )

भूकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका ११ जिल्लाहरुमा निजी आवास पुनर्निर्माणका लागि यही २०७३ अषार ७ गते सम्म १३६०७५ घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भने करिब ७३१८७ वटा गुनासाहरु दर्ता गरिएको रेर्कड प्राप्त भएको छ । प्रथम चरणमा बैक तथा बितीय संस्थाहरुको कार्यालयहरुको भएका ठाउँहरु जम्मा १८७ गाविसहरु करीव १७१००० लाभग्राहीहरुलाई समेट्नेगरी तत्काल बैकिङ्ग सुविधाहरु उपलब्ध गर्ने गरउने वा सो सम्बन्धमा आवश्यक व्यवस्था गर्ने वारे पुर्ननिमाण प्राधिकरण र "क", "ख"र "ग"वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरु २०७३ साल जेठ १७ गते निजी आवास पुर्ननिर्माण अनुदान रकम भुक्तानी सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौता भएको व्यवस्था अनुसार सम्बन्धित बैंकर्स एशोसियसनहरुवाट कलष्टरिङ्ग गरी नेपाल बैंर्कस एशसियसनले राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणमा पेश गरेको सेवा प्रदायक बैंक तथा वित्तीय संस्थाहरु र तिनले अनुदान वितरण गर्ने लाभ ग्राहीहरुको प्रस्तावित विवरण केन्द्रीय आयोजना कार्यान्वयन इकाईमार्फत जिल्लाहरुमा पठाईसकिएको छ । यसवाट आगामि दिनमा उक्त अनुदान पाउन तीब्र प्रगती हुने विश्वास मन्त्रालयले लिएको छ ।

| सि.नं. | जिल्ला | लाभग्राही संख्या | अनुदान सम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | रामेछाप | ४३६०९ | ३८४३३ | | १२२२५ |
| २ | गोरखा | ५८५०३ | २९६१३ | ३२५८ | ११२९६ |
| ३ | दोलखा | ५१७४९ | १८४७२ | १२३६ | १५०२७ |
| ४ | ओखलढुङ्गा | १०८१९ | १६४११ | ४२२ | ५०४० |
| ५ | सिन्धुपाल्चोक | ७८५३७ | १६२०७ | २ | ३४७४ |
| ६ | धादिङ्ग | ७०५८१ | ८६६० | | २५६५ |
| ७ | काभ्रेपाञ्चोक | ६७७३१ | ३२९७ | | २५२५ |
| ८ | सिन्धुली | ३४२६९ | ११०० | | १३०० |
| ९ | रसुवा | १२२३६ | १५६६ | | १९६ |
| १० | नुवाकोट | ६५७७३ | २०२९ | | ७६२१ |
| ११ | मकवानपुर | ३०२३८ | २८७ | | २१८ |
| | जम्मा | ५३३०४५ | १३६०७५ | ४९१९ | ७३१८७ |

(सिता परियार)
सहायक प्रवक्ता एवं सुचना अधिकारी
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ अषाढ ८